मिति: २०८०/०६/१३

सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यू,
नेपाल सरकार,
सिंहदरबार, काठमाडौँ, नेपाल ।

विषय : ध्यानाकर्षण बारे ।

सम्माननीय प्रधानमन्त्रीज्यू,

देशको आर्थिक दुरावस्था र त्यसबाट सिर्जित राजनीतिक तथा सामाजिक अवस्थाबारे चिन्ता व्यक्त गर्दै हाम्रो पार्टी नेकपा (एकीकृत समाजवादी) ले तिनको समाधानका लागि बेला-बेलामा सम्माननीय प्रधानमन्त्रीज्युको ध्यानाकर्षण गर्दै आएको हो । भ्रष्टाचारका विरुद्ध र सुशासनका पक्षमा सरकारले लिएका कतिपय पहलकदमीको जनस्तरबाट सराहना भएको छ । हाम्रो पार्टीले संस्थागतरुपमा त्यसको समर्थन गर्दै आएको छ । तर अन्य कैयन् क्षेत्रमा आवश्यक ध्यान पुग्न सकेको छैन । खासगरी आर्थिक क्षेत्रका समस्याले जनतालाई पिरोल्दै र निराश बनाउँदै छ । एकातिर उत्पादन घटेको छ, अर्कातर्फ आयात पनि घटेको छ । देशबाट वर्षेनी युवा तथा दक्ष जनशक्तिको पलायनले गर्दा उपभोगमा पनि ह्रास आएको छ । पुँजीगत खर्च घटेको छ, बैंकमा लगानी योग्य पुँजी पर्याप्त भएर पनि बैंक ब्याजदर बढी हुँदा लगानीसमेत अस्वाभाविकरुपमा घट्दै गएको अवस्था छ । उद्योग व्यवसाय आमरुपमा धराशायी भएका छन् । उद्यमीहरूमा व्यापक निराशा देखिन्छ । रोजगारी गुम्दै गएको छ, महँगी बढ्दै छ जसले गर्दा श्रमजीवी, मजदुर तथा गरीबहरूको जीवन झन् कष्टकर हुँदैछ । उद्योग व्यवसाय बन्द हुँदैछन् तर बैंकको किस्ता र ब्याज तिर्न नसक्दा व्यावसायीहरूमा निराशा थपिँदै छ । चाडपर्वको मौका पारेर कालाबजारीहरूले मनपरी गर्न थालेका छन् । उद्योगी तथा व्यवसायीहरूले समयमा किस्ता र ब्याज तिर्न नसक्दा सरकारको अभिभावकीय भूमिका खोज्नु स्वाभाविक हो । यी समस्या आजै सिर्जना भएका होइनन् तापनि यसको सम्बोधन गर्नु र आम जनतालाई आस्वस्त पार्नु सरकारको दायित्व हो ।

मुलुक आर्थिक मन्दीबाट आक्रान्त भएको हुँदा समाजमा निराशा, कुण्ठा अराजकता विस्तारित भएको देखिन्छ । जनतामा व्याप्त निराशा-हतासाको यस्तै अवस्थालाई प्रयोग गर्दै कतिपय अवाञ्छित तत्वहरू हाम्रो समाजमा जातीय, धार्मिक-सांस्कृतिक द्वन्द्व मच्चाउनसमेत लागि परेका छन् । देशमा देखिएको चौतर्फी संकट समाधान गर्न सरकारले आवश्यक गम्भीर कदम नचाल्ने हो भने परिस्थिति झन् खराब हुन सक्छ । त्यसैले अहिलेको सङ्कटको गम्भीरताप्रति सरकारको ध्यान जाओस् र आवश्यक आर्थिक, वित्तीय तथा मौद्रिक कदम चालियोस् भन्ने ध्यानाकर्षण गर्न चाहन्छौँ ।

हाम्रोजस्ता लोकतन्त्रहरूको–स्थायित्व र विकासका लागि सबैभन्दा प्रमुख कार्यभार पर्याप्त रोजगारीको सिर्जना र सुशासन हुन् । संविधानको निर्माणपछि हामीले मुलुकको समृद्धि र समाजवादको स्पष्ट योजनाका साथ अगाडि बढ्नु पर्थ्यो । तर विभिन्न कारणले गर्दा त्यसो हुन सकेन । राज्यका सबै नीति, योजना र

कार्यक्रमहरू रोजगारी सिर्जना गर्न र सुशासन स्थापना गर्न केन्द्रीत हुनु पर्थ्यो । कृषि, उद्योग, पूर्वाधार, शिक्षा, स्वास्थ्य, उत्पादनका अन्य क्षेत्रहरू र विदेश नीतिसमेत बेरोजगारी र गरिबी उन्मुलन गर्न, औद्योगिकरणमार्फत राष्ट्रिय पुँजीको विकास गर्न, शिक्षा र स्वास्थ्यमा लगानी बढाउन र संविधान बमोजिम न्यायपूर्ण वितरणको व्यवस्था गर्दै, सामाजिक विभेदलाई अन्त्य गर्दै, राष्ट्रिय स्वाधिनता र एकताका साथ समृद्धि र समाजवादको आधार तयार गर्न सकिन्थ्यो । त्यसो नहुँदा आर्थिक समस्याहरूले राजनीतिक र राजनीतिक समस्याहरूले सामाजिक समस्याहरू बढाउँदै लगे । ती राजनीतिक र सामाजिक समस्याले आर्थिक समस्याहरूलाई अझ बढाउँदै लगे । यसरी मुलुकले दशकौंदेखिको दुश्चक्रलाई तोड्न सकेन । आज हाम्रो बिग्रदो अर्थतन्त्र, राजनीतिक अन्योल र सामाजिक अन्तरराविरोधलाई त्यसै दुश्चक्रको परिणामका रुपमा बुझ्नु पर्छ ।

हाम्रो पार्टीले आफ्नो सम्पूर्ण ध्यान उपरोक्त दुश्चक्र तोड्ने कार्यक्रमको रुपरेखा बनाएर अगाडि बढ्ने सङ्कल्प गरको छ। सबै कृषकले कृषिकर्मबाट जीवन धान्न सक्ने ग्यारण्टी गरेर मुलुकलाई कृषिमा आत्मनिर्भर बनाउने र कृषि उद्योगमा आधारित भएर मुलुकको समग्र औद्योगिकरणको आधार तयार गर्ने, उर्जामा राज्यले विशेष लगानी गरेर उर्जाको उपभोग नीतिको बनाउने र कृषि, खानी, वन तथा पानीमा आधारित उद्योगलाई संरक्षण हुनेगरी उर्जामा सहुलियतका साथै अन्य सुरक्षा उपलब्ध गराउने, पर्यटन र उत्पादनका अन्य क्षेत्रलाई पनि राज्यले अभिभावकत्व दिने, गुणस्तरीय सार्वजनिक शिक्षा र स्वास्थ्यलाई सबैको पहुँचमा पुग्ने कुराको ग्यारण्टी गर्ने, भ्रष्टाचार तथा ढिलासुस्ती अन्त्य गर्दै सुशासनयुक्त राज्य र समाजको निर्माण गर्ने, असंलग्नता तथा तटस्थताको सिद्धान्तअनुरुप कानून बनाएर भूराजनीतिक दबाबहरूलाई थेग्न सक्ने विदेश नीतिका आधारमा सबै मुलुकहरूसँग सम्बन्ध विस्तार गर्नेजस्ता कार्यभारलाई हाम्रो पार्टीले आगामी १० वर्षका मुख्य कार्यभारका रुपमा अगाडि सारेको छ । पार्टीका ती निष्कर्षहरू मुलुकसामु राख्न हामीले यही असोज १४ गतेदेखि २८ गतेसम्म **'रोजगारी, समृद्धि र सुशासन'** को नाराका साथ मेचीदेखि महाकालीसम्म **'समाजवादी जागरण अभियान'** को आयोजना गरेका छौं ।

सम्माननीय प्रधानमन्त्रीज्यु, हाम्रा उपरोक्त निष्कर्ष अहिलेको समृद्धि र समाजवादतर्फ नेपाली समाजको रुपान्तरणको ठोस कार्यक्रम हुन् । यो कार्यक्रम आजको नेपाली राजनीतिको कार्यक्रम हो । तसर्थ, सरकारका नीति र योजनाहरू पनि त्यसैगरी पुनसंयोजन गर्दै अगाडि बढ्न र मुलुकको प्रगतिशील रुपान्तरणमा सरकारको नेतृत्व गर्न आवश्यक पहलकदमीका लागि यहाँको ध्यान आकर्षित गर्न चाहान्छौं ।

..............................

माधवकुमार नेपाल

अध्यक्ष